# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७४/७५

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
टंगाल, काठमाण्डौ
नेपाल

# निक्षेप तथा कर्जा सुरक्षण कोष

## सञ्चालक समिति



**श्री लालशंकर घिमिरे**
(सचिव)
**अर्थ मन्त्रालय**
अध्यक्ष



**श्री भक्क प्रसाद आचार्य**
(सह-सचिव)
**अर्थ मन्त्रालय**
सञ्चालक



**श्री मान बहादुर के.सी.**
(सह-सचिव)
**कानून मन्त्रालय**
सञ्चालक



**श्री जनकबहादुर अधिकारी**
(कार्यकारी निर्देशक)
**नेपाल राष्ट्र बैंक**
सञ्चालक



**श्री उपेन्द्र कुमार पौडेल**
(मनोनित)
सञ्चालक

....................................
(मनोनित)
सञ्चालक



**श्री बिष्णु बाबु मिश्र**
सदस्य सचिव तथा
प्रमुख कार्यकारी अधिकृत

# विषय–सूची


| सि.नं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | निक्षेप तथा कर्जा सुरक्षण कोषको संक्षिप्त परिचय | १ |
| २. | लेखा परीक्षकको प्रतिवेदन | ६ |
| ३. | वित्तिय अवस्थाको विवरण | ८ |
| ४. | आय व्यायको विवरण | ९ |
| ५. | अन्य विस्तृत आम्दानीको विवरण | १० |
| ६. | नगद प्रवाह विवरण | ११ |
| ७. | इक्वीटीमा भएको परिवर्तनको विवरण | १२ |
| ८. | वित्तिय विवरण सँग सम्बन्धित प्रमुख नीति तथा टिप्पणीहरु | १४ |
| ९. | निक्षेप,कर्जा तथा पशुधन सुरक्षण सम्बन्धी विवरणहरु | २६ |

# निक्षेप तथा कर्जा सुरक्षण कोषको
# संक्षिप्त परिचय

## १. स्थापना

०३१ साल आश्विन ४ गते ।

## २. कार्यालय

कोषको केन्द्रीय कार्यालय काठमाडौंमा र शाखा कार्यालयहरु विराटनगर, जनकपुर, चितवन, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा संचालनमा ल्याइएको छ ।

## ३. कर्मचारी संख्या

कोषमा विभिन्न तहका गरी ३६ जना स्थायी र १८ जना करार गरी जम्मा ५४ जना कर्मचारीहरु कार्यरत छन् ।

## ४. उद्देश्य

(क) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिको नाममा कल, चल्ती, बचत तथा मुद्दति खातामा प्रति निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको रु. ३ लाख सम्मको निक्षेप रकमको सुरक्षण गर्ने ।

(ख) बैंक तथा वित्तीय संस्थाले साना तथा मझौला, कृषि, र लघु वित्त तथा विपन्न वर्गका क्षेत्रमा प्रवाह गरेको कर्जाको सुरक्षण गर्ने ।

(ग) बाणिज्य बैंक, वित्तीय संस्था, सहकारी संस्था, वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था तथा पशुधनको क्षेत्रमा कार्य गर्ने अन्य संगठित संस्थाबाट पशुधन कर्जा लिई खरीद गरिएको पशुधनको सुरक्षण गर्ने।

(घ) बाणिज्य बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको पूर्व-निर्यात र निर्यात कर्जाहरुको सुरक्षण गर्ने ।

## ५. पूंजी

| | |
|---|---|
| अधिकृत पूँजी | रु. १० अर्ब |
| चुक्ता पूँजी | रु. ८ अर्ब |

## ६. शेयरधनी

| शेयरधनी | शेयर रकम | हिस्सा % मा |
|---|---|---|
| नेपाल सरकार | रु. ७,२०,००,००,०००। - | ९०.०० |
| नेपाल राष्ट्र बैंक | रु. ८०,००,००,०००। - | १०.०० |
| **जम्मा :** | **रु. ८,००,००,००,०००। -** | **१००.००** |

## ७. सञ्चालक समिति

| सञ्चालक समिति | प्रतिनिधिहरु |
|---|---|
| नेपाल सरकार | ५ |
| नेपाल राष्ट्र बैंक | १ |
| कोषको प्रमुख कार्यकारी अधिकृत, सदस्य सचिव | १ |
| **जम्मा** | **७** |

## ८. निक्षेप सुरक्षण

### ८.१ सुरक्षण

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी प्रति निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको बढीमा रु. तीन लाखसम्मको निक्षेपको कोषमा स्वतः सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ८.२ संलग्न बैंक तथा वित्तीय संस्था

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त “क” वर्गका २८ वटा, “ख” वर्गका ३२ वटा, “ग” वर्गका २३ वटा र “घ” वर्गका २ वटा गरी ८५ वटा बैंक तथा वित्तीय संस्थाहरु यस कार्यक्रममा संलग्न रहेका छन् ।

### ८.३ सुरक्षण शुल्क

कोषमा निक्षेप सुरक्षण गराए वापत बैंक तथा वित्तीय संस्थाको सुरक्षण हुने निक्षेपको ०.१६ प्रतिशत अर्थात प्रति सय रुपैंयामा सोह्र पैसाका दरले वार्षिक सुरक्षण शुल्क तोकिएको छ।

### ८.४ दाबी भुक्तानी

कोषमा सुरक्षण गरिएको निक्षेप रहेका बैंक तथा वित्तीय संस्था लिक्वीडेशनमा गएको घोषणा भएमा प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी बढीमा रु. तीन लाखसम्मको रकम लिक्वीडेटर मार्फत सम्बन्धित निक्षेपकर्तालाई कोषले भुक्तानी दिने व्यवस्था रहेको छ।

## ९. कर्जा सुरक्षण

### ९.१ साना तथा मझौला उद्यम कर्जा

#### ९.१.१ सुरक्षण

साना तथा मझौला उद्यम अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालू पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ।

#### ९.१.२ संलग्न बैंक

साना तथा मझौला उद्यम क्षेत्रको कर्जा सुरक्षणमा बैक अफ काठमाडौं, सिटिजन्स इन्टरनेशनल बैंक लि. र लक्ष्मी बैंक लि.ले कोषसंग यस क्षेत्रमा लागनी गरेको कर्जा सुरक्षण गर्ने सम्झौता गरि कर्जा सुरक्षण गराइरहेका छन्।

#### ९.१.३ कर्जा सुरक्षण सीमा

साना तथा मझौला उद्योग र सेवा व्यवसायमा बैंक वा वित्तीय संस्थाले प्रदान गरेको रु. ५० लाखसम्मको एकल कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण हुने व्यवस्था गरिएको छ। कोषको स्वीकृति लिई लगानी गरिने कर्जाको सुरक्षण सीमा रु. २ करोड सम्म पुऱ्याइएको छ।

#### ९.१.४ सुरक्षण शुल्क

साना तथा मझौला उद्यम कर्जा अन्तर्गत कोषमा सुरक्षण गराए वापत सुरक्षण हुने रु. २ करोड सम्मको कर्जाको बाँकि साँवा र व्याज रकमको सुरक्षण शुल्क मध्ये प्रत्येक सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकि रहने सावाँ र व्याज रकमको ०.६०% प्रति वर्षका दरले सुरक्षण शुल्क बुझाउनु पर्ने छ। निर्धारित ०.६० % सुरक्षण शुल्क मध्ये ५०% अर्थात ०.३०% प्रति वर्ष वा ०.१५% प्रति अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क बुझाउनु पर्नेछ।

#### ९.१.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्ने र यसरी दाबी गरेको साँवा र ब्याज रकमको रु. ५० लाख सम्मको कर्जाको ८०% र रु ५० लाख भन्दा माथिको कर्जाको ७०% सम्मको रकम कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ।

### ९.२ कृषि कर्जा

#### ९.२.१ सुरक्षण

कृषि कर्जा अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालू पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ।

#### ९.२.२ संलग्न बैंक

कृषि कर्जा सुरक्षण सुरक्षण अन्तर्गत बैक अफ काठमाडौं, सिटिजन्स इन्टरनेशनल बैंक लि., जनता विकास बैंक लि. र लक्ष्मी बैंक लि.ले कोषसंग यस क्षेत्रमा लागनी गरेको कर्जा सुरक्षण गर्ने सम्झौता गरि कर्जा

सुरक्षण गराइरहेको छन् ।

### ९.२.३ कर्जा सुरक्षण सीमा

कृषि व्यवसायमा बैंक वा वित्तीय संस्थाले प्रदान गरेको रु. ५० लाखसम्मको एकल कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण हुने व्यवस्था गरिएको छ । कोषको स्वीकृति लिई लगानी गरिने कर्जाको सुरक्षण सीमा रु. २ करोड सम्म पुऱ्याइएको छ ।

### ९.२.४ सुरक्षण शुल्क

कृषी कर्जा अन्तर्गत कोषमा सुरक्षण गराए वापत सुरक्षण हुने रु. २ करोड सम्मको कर्जाको बाँकि साँवा र व्याज रकमको सुरक्षण शुल्क मध्ये प्रत्येक सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकि रहने सावाँ र व्याज रकमको ०.६०% प्रति वर्षका दरले सुरक्षण शुल्क बुझाउनु पर्ने छ । निर्धारित ०.६० % सुर क्षण शुल्क मध्ये ५०% अर्थात ०.३०% प्रति वर्ष वा ०.१५% प्रति अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क बुझाउनु पर्नेछ ।

### ९.२.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्ने र यसरी दाबी गरेको साँवा र ब्याज रकमको रु. ५० लाख सम्मको कर्जाको ८०% र रु ५० लाख भन्दा माथिको कर्जाको ७०% सम्मको रकम कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

## ९.३ लघु वित्त तथा विपन्न वर्ग कर्जा

### ९.३.१ सुरक्षण

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ९.३.२ संलग्न बैंक तथा वित्तीय संस्था

लघु वित्त ताथ विपन्न वर्ग कर्जा अन्तर्गत ज्योती विकास बैंक लि., लुम्विनी विकास बैंक लि., नागवेली लघुवित्त विकास बैंक लि., ग्रीन डेभलपमेन्ट बैंक लि., कन्चन डेभलपमेन्ट बैंक लि., मेरो माइक्रो फाइनान्स लि., समिट डेभलपमेन्ट बैंक लि., किसान माइक्रो फाइनान्स वित्तिय संस्था लि., जनता बैंक लि., नेरुडे लघुवित्त विकास बैंक लि., क्रिएटिभ लघुवित्त वित्तीय संस्था लि., बैंक अफ काठमाण्डु  लि., लक्ष्मी बैंक लि. र आरम्भ माइक्रो फाइनान्स वित्तीय संस्था लि.. गुँरास लघुवित्त वित्तीय संस्था लि., सपोर्ट माइक्रो फाइनान्स लि., नयाँ नेपाल लघुवित्त विकास बैंक लि., रामारोशन लघुवित्त वित्तीय संस्था लि., नेपाल एग्रो माइक्रो फाइनान्स, सिद्दार्थ बैंक लि., स्पर्स लघुवित्त वित्तीय संस्था लि., विजय लघुवित्त वित्तीय संस्था लि., घोडीघोडा लघुवित्त वित्तीय संस्था लि., ले यस कार्यक्रम संचालन गर्न कोषसंग संझौता गरेका छन् ।

### ९.३.३ कर्जा सुरक्षण सीमा

लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) विना धितो सामूहिक जमानीमा सदस्य संस्थाले प्रति व्यक्ति रु. १० लाख सम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ख) धितो लिई सदस्य संस्थाले प्रति व्यक्ति रु. १५ लाख रुपैयाँ सम्म प्रदान गरेको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिने छ ।

(ग) लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत कोषको पूर्व सहमति लिई महिलाहरुद्वारा प्रवर्द्धित लघु उद्यम कर्जाहरुमा परियोजना धितो, व्यक्तिगत वा सामूहिक जमानी समेत लिई दिइएको रु. १५ लाखसम्मको

कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिनेछ ।

### ९.३.४ सुरक्षण शुल्क

लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकि साँवा र व्याज रकमको १% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ । निर्धारित १% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकि रहने सावाँ र व्याज रकमको ०.२५% प्रति वर्ष अर्थात ०.१२५% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क वापत सदस्य संस्थाले कोषलाई बुझाउनु पर्नेछ ।

### ९.३.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी कर्जा रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्नेछन् । यसरी दाबी गरेको रकमको ७५% ले हुने रकम कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

## ९.४ शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा

### ९.४.१ सुरक्षण

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ९.४.२ संलग्न बैंक तथा वित्तीय संस्था

शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा अन्तर्गत सिटिजन्स इन्टरनेशनल बैंक लि. ले यस कार्यक्रम संचालन गर्न कोषसंग संझौता गरेको छ ।

### ९.४.३ कर्जा सुरक्षण सीमा

शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त व्यक्तिलाई सदस्य संस्थाले प्रवाह गरेको दशलाख रुपैयाँसम्मको शैक्षिक कर्जाको सुरक्षण गर्नेछ ।

(ख) व्यवसायिक तालीम लिई व्यवसाय स्थापना तथा सञ्चालन गर्न नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त शैक्षिक बेरोजगार व्यक्तिलाई सदस्य संस्थाले विना धितो वा सामुहिक जमानीमा प्रवाह गरेको पाँच लाख रुपैयाँसम्मको कर्जाको सुरक्षण गर्नेछ ।

### ९.४.४ सुरक्षण शुल्क

शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा अन्तर्गत सुरक्षण कर्जाको बाँकी सावाँ र व्याज रकमको १% प्रति वर्षको दरले कोषमा सुरक्षण शुल्क बुझाउनु पर्नेछ । त्यसरी शुल्क बुझाउँदा सदस्य संस्थाले त्यस्तो शुल्कको २०% शुल्क प्रत्येक माघ मसान्त र श्रावण मसान्तमा अग्रिम रुपमा बुझाउनु पर्नेछ र बाँकी ८०% शुल्क नेपाल सरकारबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुनेछ ।

### ९.४.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी कर्जा रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्नेछन् । यसरी दाबी गरेको रकमको ८०% ले हुने रकम कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

## ९.५ निर्यात कर्जा

### ९.५.१ सुरक्षण

प्रचलित कानून बमोजिम योग्य ऋणीलाई सदस्य संस्थाले निर्यात कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ९.५.२ कर्जा सुरक्षण सीमा

निर्यात कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) सदस्य संस्थाले प्रवाह गरेको रु १० लाखसम्मको कर्जाको सुरक्षण कोषले गर्नेछ ।

(ख) रु २ लाख भन्दा बढी दश लाख रुपैयाँसम्मको कर्जाको सुरक्षण गराउन चाहेमा सदस्य संस्थाले त्यस्तो कर्जा प्रवाह गर्नु अघि कोषको पूर्व स्वीकृति लिनु पर्नेछ ।

### ९.५.३ सुरक्षण शुल्क

निर्यात कर्जा अन्तर्गत सुरक्षण कर्जाको बाँकी साँवा व्याज जोड्दा हुन आउने रकमको प्रतिवर्ष १ % का दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ। त्यसरी शुल्क बुझाउँदा सदस्य संस्थाले त्यस्तो शुल्कको २५% शुल्क बुझाउनु पर्नेछ र बाँकी ७५% शुल्क नेपाल सरकारबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुनेछ ।

### ९.५.४ दाबी भुक्तानी

सुरक्षण गरेको निर्यात कर्जाको हकमा रु २ लाखसम्मको कर्जाको बाँकी साँवा र ब्याज रकमको ८०% र सोभन्दा माथि रु १० लाखसम्मको कर्जाको हकमा बाँकी साँवा र ब्याज रकमको ७०% का दरले दाबीको भुक्तानी दिइनेछ ।

## १०. पशुधन सुरक्षण

### १०.१ सुरक्षण

दुग्ध उत्पादन, फार्म संचालन, प्रजनन, ढुवानी, मासु उत्पादन, जोताई आदि प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले प्रति पशु अधिकतम रु.१ लाख सम्म प्रदान गरेको कर्जाबाट खरीद गरेको विभिन्न किसिमका पशुधनहरू कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छ ।

### १०.२ संलग्न बैंक तथा वित्तीय संस्था

पशुधन सुरक्षण अन्तर्गत लक्ष्मी बैंक लि., ग्रामीण विकास बैंक, निर्धन उत्थान बैंक, छिमेक लघु वित्त विकास बैंक, डिप्रोक्स विकास बैंक, जीवन विकास समाज, नेरुडे लघु वित्त विकास बैंक, मुक्तिनाथ विकास बैंक लि., स्वरोजगार लघु वित्त वित्तीय संस्था लि., सत्यवति लघु वित्त वित्तीय संस्था लि., त्रिलोक लघु वित्त वित्तीय संस्था लि., सिद्धार्थ सहकारी, स्पर्श लघु वित्त वित्तीय संस्था लि., सबैको लघु वित्त वित्तीय संस्था लि., कालिका लघु वित्त वित्तीय संस्था लि., नेपाल एग्रो लघु वित्त वित्तीय संस्था लि. लगायत अन्य बैंक तथा वित्तीय संस्था र वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था यस कार्यक्रममा संलग्न हुने गरी कोषसँग सम्झौता गरेका छन् ।

### १०.३ सुरक्षण शुल्क

पशुपालक कृषकले साना पशुधनको हकमा रु २० हजार तथा ठूला पशुधनको हकमा रु १ लाख ५० हजार सम्मको सुरक्षण रकमको वार्षिक ६ प्रतिशत सुरक्षण शुल्क वुझाउनु पर्ने व्यवस्था रहेकोमा नेपाल सरकारबाट ४.५ प्रतिशत अनुदान दिने र बाकी १.५ प्रतिशत ऋणी तथा कृषकले नै व्यहोर्ने व्यवस्था रहेको छ ।

### १०.४ क्षतिपूर्ति प्रतिशत

सुरक्षण भएको पशुधनको मृत्यु भएमा सुरक्षण रकमको ९० प्रतिशत र पशुधन स्थायी रुपले अनुत्पादक भएमा सुरक्षण रकमको ५० प्रतिशतका दरले बैंकमार्फत कोषले पशुपालक कृषकलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था रहेको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(संगठित संस्था लेखापरीक्षण महानिर्देशनालय)

प.सं. २०७५।७६ च.नं. ३९०

मिति: २०७५।११।२५

श्री अध्यक्षज्यू,
निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाण्डौ ।

विषय: **अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले निक्षेप तथा कर्जा सुरक्षण कोषको २०७५ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

email : oagnep@ntc.net.np, info@oag.gov.np          Web Page: www.oagnep.gov.np

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियतसहितको रायव्यक्तगर्ने आधारः**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्तगर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९ (४) अनुसार सुरक्षित निक्षेपको दावी भुक्तानी वा शोधभर्ना गर्न बाहेक अन्य प्रयोजनमा खर्च गर्न नसकिने निक्षेप सुरक्षण जोखिम कोषमा रहेको रकम रु २ अर्व ५४ करोड ७७ लाख नेपाल सरकार, अर्थ मन्त्रालयको २०७५।१२।२९ को निर्देशन बमोजिम चुक्ता पूँजीमा यस्तो रकम रकमान्तर गरेको ऐनको् प्राबधान बिपरित छ ।

४.२ नेपाल वित्तिय प्रतिवेदन मान बमोजिम तयार गरेको प्रस्तुत वित्तीय विवरणमा नेपाल लेखामान १९ बमोजिम कर्मचारी उपदान वापतको दायित्वको Actuary valuation नभएकोले कोषको सञ्चालन नतिजा तथा दायित्वमा पर्न जाने असरको एकिन गर्न सक्ने अवस्था रहेन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको रायः**

हाम्रो रायमा संलग्न वित्तीय विवरणले माथि अनूच्छेद ४ मा उल्लेखित व्यहोराले पर्ने असर बाहेक कोषको ३२ आषाढ, २०७५ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरणले नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. **ऐन तथा नियमहरुको पालनाउपर प्रतिवेदन**

हामीलाई उपलब्ध जानकारी, स्पष्टिकरण, सूचनाहरु र हाम्रो लेखापरीक्षणको आधारमा निम्न अनुसार प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ उपलब्ध भयो ।

ख) यस प्रतिवेदनसंग संलग्न वित्तिय विवरणहरु निक्षेप तथा कर्जा सुरक्षण ऐन २०७३ र अन्य प्रचलित कानुन वमोजिम तयार भएको र कोषले राखेको लेखा दुरुस्त रहेको छ ।

ग) हाम्रो रायमा कोषबाट पाएको विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कोषको हिसाब किताबको परीक्षणको आधारमा कोषको संचालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरति काम गरेको वा अनियमित कार्य गरेको वा कोषको सम्पत्ति हिनामिना गरेको वा विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ईश्वर नेपाल
उप–महालेखापरीक्षक

## निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाण्डौ
## वित्तिय अवस्थाको विवरण
## २०७५ आषाढ मसान्त

| विवरण | टिप्पणि | आर्थिक वर्ष २०७४/७५ रकम रु. | २०७३/७४ रकम रु. | २०७२/७३ रकम रु. |
|---|---|---|---|---|
| **सम्पति** | | | | |
| नगद तथा बैंक मौज्दात | १ | १७८,३८६,४८७ | १,१६९,४९६,०९० | ८७,४६७,१७० |
| वित्तिय सम्पत्ति - (FVPNL) | २ | - | - | - |
| वित्तिय सम्पत्ति - (FVOCI) | २ | २,२३४,००० | २,२३४,००० | २,२३४,००० |
| वित्तिय सम्पत्ति - (Amortised Cost) | ३ | ९,२६१,५८७,६८९ | ५,०५९,१२१,२५५ | ४,०७०,३७२,३४४ |
| अन्य वित्तिय सम्पत्ति | ४ | ६०,२९५,८२३ | ७४,७७७,२९२ | १८३,३६६,१६८ |
| अन्य सम्पत्ति | ५ | १८,४११,९५६ | ११,७१९,०५० | १३,११०,२३१ |
| सम्पत्ति तथा उपकरण | ६ | ११,०२२,७९७ | १०,४९१,६०९ | ५,६२४,३२३ |
| अमुर्त सम्पत्ति | ६ | २८०,४७५ | ८,६१० | २०,७९२ |
| चालु आयकर सम्पत्ति | ७ | २७९,१७३,८६० | ३६,९७३,७७८ | १६,३१७,३२३ |
| स्थगन आयकर सम्पत्ति | ७ | १,७०५,१३८ | १,३९७,०४८ | १,१८५,८८६ |
| **जम्मा सम्पत्ति** | | **९,८१३,०९८,२२६** | **६,३६६,२१८,७३२** | **४,३७९,६९८,२३८** |
| **दायित्व** | | | | |
| अन्य वित्तिय दायित्व | ८ | १२८,२६८,१९२ | १८६,६९१,७४६ | ११५,३९२,०७८ |
| कर्मचारी अवकाश सुविधा | ८ | २८३,१०८,२७४ | १४२,६५३,९०६ | १४८,०२७,४९४ |
| **जम्मा दायित्व** | | **४११,३७६,४६६** | **३२९,३४५,६५२** | **२६३,४१९,५७२** |
| **इक्विटी** | | | | |
| शेयर पुँजी | ९ | ८,०००,०००,००० | ३,०००,०००,००० | २,०००,०००,००० |
| साधारण जगेडा कोष | ९ | ३६,०६९,४७५ | १०२,०१२,३८० | १०२,०१२,३८० |
| कर्जा सुरक्षण कोष | ९ | १४६,८३४,९१७ | ३८६,३४४,९५४ | १८६,३४४,९५४ |
| निक्षेप सुरक्षण कोष | ९ | ३२,३२६,०३७ | २,५४७,७१२,१४१ | १,८२४,७१२,१४१ |
| निक्षेप सुरक्षण जोखिम कोष | ९ | ८१२,८५६,४६२ | - | - |
| अन्य कोष | ९ | - | - | - |
| संचित नाफा | ९ | ३७३,६३४,८६८ | ८०३,६०५ | ३,२०९,१९१ |
| **जम्मा इक्विटी** | | **९,४०१,७२१,७५९** | **६,०३६,८७३,०८१** | **४,११६,२७८,६६६** |
| **जम्मा दायित्व र इक्विटी** | | **९,८१३,०९८,२२६** | **६,३६६,२१८,७३२** | **४,३७९,६९८,२३८** |

मिति : २०७५/०९/२४

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

स्थान : काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य<br>लेखा प्रमुख | उषा पौडेल<br>का.मु. ना.<br>प्रमुख कार्यकारी<br>अधिकृत | विष्णु वाबु मिश्र<br>प्रमुख कार्यकारी<br>अधिकृत | सञ्चालकहरु<br>झक्क प्रसाद आचार्य<br>निर्मला भट्टराई<br>जनक बहादुर अधिकारी | अध्यक्ष<br>लालशंकर<br>घिमिरे | सि.ए. मदन<br>कुमार निरौला<br>मदन निरौला<br>एण्ड क. चार्टड<br>एकाउण्टेण्ट्स | ईश्वर नेपाल<br>उप महालेखापरिक्षक |

## निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाण्डौ
## २०७४ श्रावण १ गतेदेखि २०७५ आषाढ मसान्तसम्मको
## आय/ब्ययको विवरण

| | टिप्पणि | आर्थिक वर्ष २०७४/७५ रकम रु. | आर्थिक वर्ष २०७३/७४ रकम रु. |
|---|---|---|---|
| सुरक्षण शुल्क आम्दानी | १० | - | ८२०,२३०,५८५ |
| व्याज र अन्य यस्तै आम्दानी | १० | ७७०,४४९,४३५ | ३५३,८६४,८३९ |
| अन्य विविध आम्दानी | १० | ५,६३०,९२९ | २,९३९,६७९ |
| **जम्मा आम्दानी** | | **७७६,०८०,३६४** | **१,१७७,०३५,१०३** |
| **संचालन खर्च** | | | |
| कर्मचारी सम्बन्धि खर्च | ११ | (४१,१७१,७०७) | (२७,६९४,८२२) |
| अन्य प्रशासनिक खर्च | ११ | (६४,९७३,५७१) | (४३,०५९,३७७) |
| जम्मा संचालन खर्च | | (१०६,१४५,२७८) | (७०,७५४,१९९) |
| **संचालन आम्दानी** | | **६६९,९३५,०८५** | **१,१०६,२८०,९०४** |
| वित्तिय खर्च | | - | - |
| **संचालनबाट नाफा/नोक्सान)** | | **६६९,९३५,०८५** | **१,१०६,२८०,९०४** |
| बोनस व्यवस्था | | (४९,६२४,८२१) | (१०८,६७८,८०४) |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | | **६२०,३१०,२६४** | **९९७,६०२,१००** |
| **आयकर खर्च** | | (२४७,४७९,००१) | (४३६,५६०,११२) |
| चालु आयकर खर्च | | (२१९,३२७,९९३) | (४२३,३९०,४५७) |
| गत वर्षहरुको थप आयकर | | (२८,४५९,०९८) | (१३,३८०,८१७) |
| स्थगन कर | | ३०८,०९० | २११,१६२ |
| **यस वर्षको नाफा** | | **३७२,८३१,२६४** | **५६१,०४१,९८८** |
| **आम्दानी प्रति शेयर** | | | |
| आधारभुत आम्दानी प्रति शेयर | | ४.६६ | १८.७० |
| समायोजित आम्दानी प्रति शेयर | | ४.६६ | १८.७० |

मिति : २०७५/०९/२४

स्थान : काठमाडौं

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य<br>लेखा प्रमुख | उषा पौडेल<br>का.मु. ना.<br>प्रमुख कार्यकारी<br>अधिकृत | विष्णु बाबु मिश्र<br>प्रमुख कार्यकारी<br>अधिकृत | सञ्चालकहरु<br>झक्क प्रसाद आचार्य<br>निर्मला भट्टराई<br>जनक बहादुर अधिकारी | अध्यक्ष<br>लालशंकर<br>घिमिरे | सि.ए. मदन<br>कुमार निरौला<br>मदन निरौला<br>एण्ड क. चार्टड<br>एकाउण्टेण्ट्स | ईश्वर नेपाल<br>उप महालेखापरिक्षक |

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**टंगाल, काठमाण्डौ**

**२०७४ श्रावण १ गतेदेखि २०७५ आषाढ मसान्तसम्मको**
**अन्य विस्तृत आम्दानीको विवरण**

| | आर्थिक वर्ष | |
|---|---|---|
| | **२०७४/७५**<br>**रकम रु.** | **२०७३/७४**<br>**रकम रु.** |
| **यस वर्षको नाफा** | ३७२,८३१,२६४ | ५६१,०४१,९८८ |
| पुनर्मुल्याङ्कन नाफा / (नोकसान) वित्तिय लगानी (FVOCI) | - | - |
| पुनर्मुल्याङ्कन नाफा / (नोकसान) कर्मचारी अवकाश सुविधा | - | - |
| जम्मा अन्य व्यापक आम्दानी | - | - |
| अन्य विस्तृत आम्दानासंग आधारीत आयकर | - | - |
| कुल विस्तृत आम्दानी (खुद आयकर पछि) | - | - |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | ३७२,८३१,२६४ | ५६१,०४१,९८८ |

मिति : २०७५/०९/२४
स्थान : काठमाडौं

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विकान्त आचार्य<br>लेखा प्रमुख | उषा पौडेल<br>का.मु. ना.<br>प्रमुख कार्यकारी<br>अधिकृत | विष्णु वाबु मिश्र<br>प्रमुख कार्यकारी<br>अधिकृत | सञ्चालकहरु<br>झक्क प्रसाद आचार्य<br>निर्मला भट्टराई<br>जनक बहादुर अधिकारी | अध्यक्ष<br>लालशंकर<br>घिमिरे | सि.ए. मदन<br>कुमार निरौला<br>मदन निरौला<br>एण्ड क. चार्टड<br>एकाउण्टेण्ट्स | ईश्वर नेपाल<br>उप महालेखापरिक्षक |

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**२०७४ श्रावण १ गतेदेखि २०७५ आषाढ मसान्तसम्मको**
**नगद प्रवाह विवरण**

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | |
| आयकर तथा असाधारण आम्दानी खर्च अघिको नाफा | ६२०,३१०,२६४ | १,३५७,१६४,११२ |
| **समायोजन** | | |
| ह्रास कट्टी | | १,८०५,२७२ |
| एमोर्टटाइजेसन खर्च | | ५७,४९५ |
| मुद्दती र विकास ऋणपत्र लगानीबाट व्याज आम्दानी | (७७०,४४९,४३५) | (३५२,१९२,४७२) |
| गत साल सँग सम्बन्धित कर | | (१३,३८०,८१७) |
| **कार्यशील पूंजी परिवर्तन अघिको नगद प्रवाह** | **(१५०,१३९,१७०)** | **९९३,४५३,५९०** |
| जिन्सी मौज्दात कमी/(बृद्धि) | (८५७,२२५) | (६२,६७०) |
| अग्रिम भुक्तानी तथा पेश्की सापटी, धरौटी भएको कमी/(बृद्धि) | (५,८३५,६८२) | ११०,०४२,७२७ |
| चालु दायित्वमा भएका बृद्धि/(कमी) | ८२,०३०,८१५ | ६५,९२६,०७९ |
| **आयकर तथा व्याज भुक्तानी अघिको नगद प्रवाह** | **(७४,८०१,२६२)** | **१,१६९,३५९,७२६** |
| आयकर भुक्तानी | (४८९,९८७,१७२) | (४४४,०४६,९१२) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **(५६४,७८८,४३५)** | **७२५,३१२,८१५** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| स्थिर सम्पत्ति (खरिद) | (४,३६५,८१२) | (६,६६०,३७६.०४) |
| लगानी कमी/(बृद्धि) | (४,१८७,९८४,९६५) | (९७८,३३३,७९०.३०) |
| मुद्दती र विकास ऋणपत्र लगानीबाट व्याज आम्दानी | ७७०,४४९,४३५ | ३४१,७१०,२७१.५५ |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(३,४२१,९०१,३४२)** | **(६४३,२८३,८९५)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | |
| शेयर पूँजीको निष्काशन | २,०००,०००,००० | १,०००,०००,००० |
| निक्षेप सुरक्षण कोष | ३२,३२६,०३७ | - |
| निक्षेप सुरक्षण जोखिम कोष | ८१६,४१९,२२० | - |
| कर्जा सुरक्षण कोष | १४६,८३४,९१७ | |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **२,९९५,५८०,१७५** | **१,०००,०००,०००** |
| नगदमा भएको कुल बृद्धि/(कमी) (क+ख+ग) | (९९१,१०९,६०२) | १,०८२,०२८,९२० |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १,१६९,४९६,०९० | ८७,४६७,१७० |
| **बर्षान्तमा नगद तथा बैंक मौज्दात** | **१७८,३८६,४८८** | **१,१६९,४९६,०९०** |

मिति : २०७५/०९/२४

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

स्थान : काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य<br>लेखा प्रमुख | उषा पौडेल<br>का.मु. ना.<br>प्रमुख कार्यकारी<br>अधिकृत | विष्णु वाबु मिश्र<br>प्रमुख कार्यकारी<br>अधिकृत | सञ्चालकहरु<br>झक्क प्रसाद आचार्य<br>निर्मला भट्टराई<br>जनक बहादुर अधिकारी | अध्यक्ष<br>लालशंकर<br>घिमिरे | सि.ए. मदन<br>कुमार निरौला<br>मदन निरौला<br>एण्ड क. चार्टड<br>एकाउण्टेण्ट्स | ईश्वर नेपाल<br>उप महालेखापरिक्षक |

# निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाण्डौ
## २०७५ आषाढ मसान्त
## इक्वीटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूंजी | साधारण जगेडा कोष | कर्जा सुरक्षण कोष | निक्षेप सुरक्षण कोष | निक्षेप सुरक्षण जोखिम कोष | अन्य कोष | संचित नाफा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| साउन १, २०७२ को मौज्दात | २,०००,०००,००० | ७२,०१२,३८० | ११६,३४४,९५४ | १,४३९,७१२,१४१ | - | - | २१९,००३ | ३,६२८,२८८,४७८ |
| पुर्न प्रस्तुतीकरण | | | | | | | - | - |
| साउन १, २०७२ को पुर्न प्रस्तुतीकरण मौज्दात | २,०००,०००,००० | ७२,०१२,३८० | ११६,३४४,९५४ | १,४३९,७१२,१४१ | - | - | २१९,००३ | ३,६२८,२८८,४७८ |
| अन्य व्यापक आम्दानासंग आधारीत आयकर | | | | | | | | - |
| यस वर्षको नाफा | | | | | | | ४८७,९७४,६९२ | ४८७,९७४,६९२ |
| सहि मुल्य र पुर्नमुल्याङ्कन जगेडा कोष | | | | | | | १५,४९६ | १५,४९६ |
| साधारण जगेडा कोष | | ३०,०००,००० | | | | | (३०,०००,०००) | - |
| निक्षेप सुरक्षण कोष | | | | ३८५,०००,००० | | | (३८५,०००,०००) | - |
| कर्जा सुरक्षण कोष | | | ७०,०००,००० | | | | (७०,०००,०००) | - |
| असार ३१, २०७३ को मौज्दात | २,०००,०००,००० | १०२,०१२,३८० | १८६,३४४,९५४ | १,८२४,७१२,१४१ | - | - | ३,२०९,१९१ | ४,११६,२७८,६६६ |
| | | | | | | | | |
| साउन १, २०७३ को मौज्दात | २,०००,०००,००० | १०२,०१२,३८० | १८६,३४४,९५४ | १,८२४,७१२,१४१ | - | - | ३,२०९,१९१ | ४,११६,२७८,६६६ |
| पुर्न प्रस्तुतीकरण | | | | | | | | - |
| साउन १, २०७३ को पुर्न प्रस्तुतीकरण मौज्दात | २,०००,०००,००० | १०२,०१२,३८० | १८६,३४४,९५४ | १,८२४,७१२,१४१ | - | - | ३,२०९,१९१ | ४,११६,२७८,६६६ |
| शेयर निस्कासन | १,०००,०००,००० | | | | | | | १,०००,०००,००० |
| अन्य व्यापक आम्दानासंग आधारीत आयकर | | | | | | | | - |
| यस वर्षको नाफा | | | | | | | ५६१,०३२,४०२ | ५६१,०३२,४०२ |
| सहि मुल्य र पुर्नमुल्याङ्कन जगेडा कोष | | | | | | | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| साधारण जगेडा कोष | | | | | | | - | - |
| निक्षेप सुरक्षण कोष | | | | ७२३,०००,००० | | | (७२३,०००,०००) | - |
| कर्जा सुरक्षण कोष | | | २००,०००,००० | | | | (२००,०००,०००) | - |
| असार ३१, २०७४ को मौज्दात | ३,०००,०००,००० | १०२,०१२,३८० | ३८६,३४४,९५४ | २,५४७,७१२,१४१ | - | - | (३५८,७५८,४०७) | ५,६७७,३११,०६८ |
| | | | | | | | | |
| साउन १, २०७४ को मौज्दात | ३,०००,०००,००० | १०२,०१२,३८० | ३८६,३४४,९५४ | २,५४७,७१२,१४१ | - | - | (३५८,७५८,४०७) | ५,६७७,३११,०६८ |
| पुर्न प्रस्तुतीकरण | | | | | | | ३५९,५६२,०१३ | ३५९,५६२,०१३ |
| साउन १, २०७४ को पुर्न प्रस्तुतीकरण मौज्दात | ३,०००,०००,००० | १०२,०१२,३८० | ३८६,३४४,९५४ | २,५४७,७१२,१४१ | - | - | ८०३,६०६ | ६,०३६,८७३,०८१ |
| शेयर निस्कासन | २,०००,०००,००० | | | | | | | २,०००,०००,००० |
| निक्षेप तथा कर्जा सुरक्षण कोषको र कम शेयरमा पुजीकरण | २,९३४,०५७,०९५ | | (३८६,३४४,९५४) | (२,५४७,७१२,१४१) | | | | - |
| साधारण जगेडा कोषबाट शेयरमा प् जीकरण | ६५,९४२,९०५ | (६५,९४२,९०५) | | | | | | |
| अन्य व्यापक आम्दानासंग आधारीत आयकर | | | | | | - | | - |
| यस वर्षको सुरक्षण शल्क | | | १४६,८३४,९१७ | ८४५,१८२,४९९ | | | | ९९२,०१७,४१६ |
| निक्षेप सुरक्षण कोषबाट निक्षेप सुर क्षण जोखिम कोषमा सारेको | | | | (८१२,८५६,४६२) | ८१२,८५६,४६२ | | | |
| यस वर्षको नाफा | | | | | | | ३७२,८३१,२६४ | ३७२,८३१,२६४ |
| सहि मुल्य र पुर्नमुल्याङ्कन जगेडा कोष | | | | | | | | - |
| असार ३२, २०७५ को मौज्दात | ८,०००,०००,००० | ३६,०६९,४७५ | १४६,८३४,९१७ | ३२,३२६,०३७ | ८१२,८५६,४६२ | - | ३७३,६३४,८६९ | ९,४०१,७२१,७६१ |

# निक्षेप तथा कर्जा सुरक्षण कोष
# आ.व. २०७४।७५
# वित्तीय विवरणसँग सम्बन्धित प्रमुख नीतिहरु

**संस्था सम्बन्धि सामान्य जानकारी:**

कुनै पनि बैक तथा वित्तीय संस्थामा सर्वसाधारणको बचत तथा मुद्दती खातामा रहेको निक्षेप तथा वित्तीय संस्थाले प्रवाह गरेको विभिन्न किसिमका कर्जा तथा लगानीको सुरक्षण गर्ने र यसमा कुनै हानी नोक्सानी भएमा क्षतिपुर्ति दिने उद्देश्यले वि.सं. २०३१ आश्विन ४ गते यस निक्षेप तथा कर्जा सुरक्षण कोष को स्थापना भएको हो । यसको केन्द्रिय कार्यालय काठमाण्डौमा र शाखा कार्यालयहरु भरतपुर, विराटनगर, पोखरा, बुटवल, धनगढी ,जनकपुर र सुर्खेतमा रहेको छ ।

**वित्तीय विवरण तयारीका आधारहरु**

कोषले आर्थिक वर्ष २०७४।७५ मा नेपाल वित्तीय प्रतिवेदन मानक १ (NFRS 1-First time adoption of NFRS) "प्रथम पटक नेपाल वित्तीय प्रतिवेदन मान अपनाउने" मानक अपनाएको छ ।

कोषको आर्थिक विवरणहरु ऐतिहासिक मूल्य अवधारणा (अन्यथा उल्लेख भएको बाहेक), नेपाल वित्तीय प्रतिवेदन मानक तथा लेखाका सर्वमान्य सिद्धान्त बमोजिम तयार गरिएका छन् ।

वित्तीय विवरणहरू प्रोदभावी (Accrual) तथा निरन्तर अवधारणा going concern अवधारणामा लेखाङ्कन गरी तयार गरिएको छ ।

कोषले आफ्नो वित्तीय विवरणहरू तयार गर्दा प्रकृति वा मात्रा वा दुवैको आधार मा Materiality को निर्धारण गर्ने गर्दछ । वित्तीय विवरणको प्रस्तुतिमा Materiality एउटा Pervasive Constraint हो, जुन गुणात्मक चरित्रको रिपोर्टिङको लागि सान्दर्भिक हुन्छ ।

गत वर्षको अंकहरुलाई आवश्यकतानुसार पुनःवर्गीकरण तथा पुनःसमूहकरण गरिएका छन् ।

प्रस्तुत वित्तीय विवरण कोषको सञ्चालक समितिको मिति २०७५ साल पौष २४ गते बसेको बैठकबाट पारित गरिएको छ । वित्तीय विवरणको प्रस्तुतीमा निम्न लिखित लेखा नीतिहरु अवलम्बन गरिएको छ ।

**१. वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु:**

**लेखांकन नीति:**

वित्तीय सम्पत्तिको लगानी लेखांकन नीति :

- वित्तीय सम्पत्तिमा गरिएको लगानी लाई प्रारम्भिक लेखाङ्कन fair value मा गर्ने नीति अवलम्बन गरिएको छ ।
- वित्तीय सम्पत्तिको वर्गिकरण र पछिको मापन निम्न बमोजिम रहेको छ ।
- वित्तीय सम्पतिको वर्गिकरण प्रारम्भिक पहिचान पश्चात पछिको मापन कसरी गरिन्छ भन्नेमा आधारित हुन्छ । तसर्थ, प्रारम्भिक पहिचान पछि, वित्तीय सम्पत्तिलाई निम्न वमोजिम वर्गिकरण गरिन्छ ।
- पछिको मापन Amortised cost मा गरिएको वित्तीय सम्पत्ति
- पछिको मापन उचित मुल्य (बिष्च ख्बगिभ) मा गरिएको वित्तीय सम्पति

**वित्तीय सम्पत्तिको वगीकरण निम्न बमोजिम गरिएको छ :**

क) ऋण उपकरण

ख) इक्वीटि उपकरण

**ऋण उपकरणहरू**

ऋण उपकरणहरूको पछिल्लो मापन कोषको सम्पत्ति तथा सम्पत्तिको नगद प्रवाहलाई व्यवस्थापन गर्ने व्यावसायिक नमुनामा निर्भर गर्दछ । कोषले मुख्यतया आफ्नो ऋण उपकरणलाई तीन मापन वर्गमा वर्गीकरण गर्दछ ।

१. **परिशोधित लागत (Amortised cost)** : जुन सम्पत्ति करार बमोजिमको नगद प्रवाह संकलनको लागि राखिएको तथा सो

नगद प्रवाहमा सावाँ तथा ब्याजको भुक्तानी रहेको छ भने उक्त नगद प्रवाहलाई परिशोधित लागतमा मापन गरिएको छ। ऋण उपकरण जसलाई पछि परिशोधित लागतमा मापन गरिएको छ र हेजिंग सम्बन्धको हिस्सा होइन भने सो सम्पत्ति अपलेखन वा हानि भएको अवस्थामा सो को लाभ तथा नोक्सानलाई नाफा वा नोक्सानमा लेखांकन गरिने छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावकारी ब्याजदर ९भाभअतष्खभ ष्लतभचभकत चबतभ० विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा र ाखिने छ। सो अनुरुप ६.५ प्रतिशत विकास ऋणपत्र २०७६ को प्रभावकारी ब्याजदार ४.८५ प्रतिशत लिइएको छ। अन्य ऋण उपकरण लगानीको हकमा कुपन ब्याजदरलाइ नै प्रभावकारी ब्याजदर मानि लेखाङ्कन गरिएको छ।

